# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ३० जुलाई २०२५

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले पश्चिम बंगालको नदिया जिल्ला स्थित कल्याणी एम्सको दीक्षान्त समाारोहलाई संबोधित गर्नुभयो।

- आज लोकसभामा अलिपुरद्वारका सांसद मनोज तिग्गाले उत्तर बंगालका चिया श्रमिकहरूको मुद्दा शुन्यकालमा उठाए भने दार्जीलिङ सांसद राजु विष्टले दार्जीलिङमा जामको समस्या उठाउनुभयो।

- अपरेशन सिन्दुरबारे चर्चामा पूर्व नौकरशाह तथा राज्य सभा सांसद हर्षवर्धन श्रृगंलाले भाग लिन्दै आतंकवाद विरूद्ध भारतको कारवाहीले विश्वको समर्थन पाएको बताउनु भयो।

- भाजपा विधायक तथा राज्य विधानसभामा विपक्षी नेता शुभेन्दु अधिकारीले ई.आर.ओ विरूद्ध अनुशासनात्मक कारवाहीको मांग गर्नुभएको छ।

- पहाड़मा लगातार वर्षाले गर्दा तिस्ता नदीको जलस्तर फेरी बढ़ेकोले कैयंन ठाउँमा पहिरोले गर्दा राष्ट्रिय राजमार्ग-१० फेरी अवरोधित भएको छ।

**संशो. राष्ट्रपति-पश्चिम बंगाल**

राष्ट्रपति द्रौपदी मुर्मुले आज पश्चिम बंगालको नादिया जिल्लामा स्थित अखिल भारतीय आयुर्विज्ञान संस्थान - एम्स, कल्याणीको दीक्षान्त समारोहमा भाग लिनुभयो। राष्ट्रपति द्रौपदी मुर्मुले समारोहलाई सम्बोधन गर्नुहुँदै यस संस्थानबाट स्नातक हुने विद्यार्थीहरूले गरिब र वञ्चितहरूलाई उनीहरूको आवश्यकता अनुसार प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने र एम्स कल्याणीलाई राष्ट्रिय गौरवको विषय बनाउनुपर्ने बताउनु भयो।

यस अवसरमा आयुष तथा स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री प्रतापराव जाधव पनि उपस्थित हुनुहुन्थ्यो। उहाँले भन्नुभयो प्रधानमन्त्री नरेन्द्र मोदीको मार्गदर्शनमा सरकारले देशमा विश्वस्तरीय चिकित्सा सुविधा प्रदान गर्ने काम गरिरहेको छ। यसको उद्देश्य भारतभरि किफायती चिकित्सा सेवाहरू प्रदान गर्नु हो।

**लोकसभा अलिपुरद्वार एम.पी**

अलिपुरद्वारका लोकसभा सांसद मनोज तिग्गाले लोकसभाको प्रश्नकालमा आज अलिपुरद्वार ,जलपाईगुड़ी , दार्जीलिङ ,कालेबुङ तथा उत्तर दिनाजुपुर जिल्लाहरूमा चिया श्रमिकहरूको मुद्दा उठाउनुभयो।

*Byte*

***उहाँले भन्नुभयो- यी जिल्लाहरूमा रहेका चिया बगानका श्रमिकहरूको अवस्था दयनीय छ तथा मूलभूत सुविधाहरू जस्तै स्वच्छ पिउने पानी, समयमा ज्याला नपाउनु, भविष्य नीधिका लागि मालिक वर्गले काटेका पैसा पी.एफ हरूमा जमा नगर्नु , चिया श्रमिकहरूको नानीहरूको पर्याप्त शिक्षाको अभाव, स्वास्थ्य सेवाहरूमा कमी, आवसको समस्या श्रमिकहरूले जमीनको मालिकाना हक पाउनुको सट्टा बलजफ्ती पट्टा थमाउनु, यहा सम्म की चिया श्रमिकहरूका परिवारहरू अभावमा***

*मानव तस्करीको शिकार बनी रहेका छन् भन्नुभयो। उहाँले चिया श्रमिकहरूको सामाजिक तथा आर्थिक समस्याहरूलाई मानवीय दृष्टिकोण राख्दै समाधान गरिनुपर्छ भन्नुभयो।*

**लोकसभा विष्ट**

दार्जीलिङका लोकसभा सांसदले ब्रिटिश कालमा बनाइएको एक मात्र राष्ट्रिय राजमार्ग संख्या ५५ मा धेरै वाहनहरूको दवाबले गर्दा मानिसहरूले धेरै जामको समस्या भोगी रहेका छन्। दार्जीलिङ एउटा प्रमुख पर्यटक स्थल हो तथा पर्यटक सीजनमा घण्टौं जामको समस्याले आम जनजीवन प्रभावित हुन्छन्। स्कूल- कलेजका विध्यार्थीहरूलाई समस्या हुन्दै गईरहेको छ। यसैले सिलगड़ी , बालासन- खरसांग , धोत्रे , रंगबुल हुन्दै एउटा वैकल्पिक राजमार्गको चाँड़ै निर्माणको विषय सदनमा शुन्यकालमा राख्नु भयो- उहाँले भन्नुभयो

**हर्षवर्धन-श्रृंगला**

आज राज्यसभामा पहिलोपटक बोल्नुहुँदै, सांसद तथा पूर्व विदेश सचिव हर्षवर्धन श्रृंगलाले'अपरेसन सिन्दूर' सम्बन्धी विशेष छलफलको क्रममा अंग्रेजी, हिन्दी, नेपाली र बङ्गालीमा सम्बोधन गर्नुभयो। यसले उहाँले प्रतिनिधित्व गर्ने दार्जिलिङ र उत्तरबङ्ग क्षेत्रको बहुभाषिक र समावेशी पहिचानलाई झल्काउँछ।श्रृंगलाले राज्यसभामा सदस्य मनोनयन भएकोमा राष्ट्रपतिज्यू र प्रधानमन्त्री प्रति कृतज्ञता प्रकट गर्नुभयो। उहाँले राष्ट्र र दार्जिलिङका मानिसहरुको सेवामा निष्ठा र समर्पणसाथ लागिरहने प्रतिबद्धता जनाउनुभयो।उहाँले आफ्नो धारणा केवल कूटनीतिक अनुभवबाट मात्र नभई देश तथा अन्तर्राष्ट्रिय क्षेत्रका सरोकारवालासँगको परामर्शबाट बनेको उल्लेख गर्नुभयो।7 मे मा पाकिस्तान र पाकिस्तान-अधिकृत कश्मीरमा भएको आतंकवादी विरुद्धको कारबाहीको समर्थन गर्दै, उहाँले भन्नुभयो, "हामीले पाकिस्तानको मुटुमै — पञ्जाब प्रान्तमा प्रहार गरेका छौँ, सयभन्दा बढी आतंकवादीहरूलाई समाप्त गरेका छौँ, जसमा केही संयुक्त राष्ट्रसंघको 'मोस्ट वान्टेड' सूचीमा रहेका थिए।"उहाँले प्रविधिको प्रयोगबारे पनि चर्चा गर्नुभयो, जसमा एआईयुक्त स्याटेलाइट निगरानी र हाइपरस्पेक्ट्रल इमेजिङ प्रयोग गरिएको थियो। " पाहलगाम हमला बारे चर्चा गर्दै, उहाँले 25 अप्रिल मा राष्ट्र संघ सुरक्षा परिषद्ले दिएको कडा भनाइलाई स्मरण गर्दै भन्नुभयो, "हामीले उनीहरूले मागेजस्तै जवाफदेहीता देखाएका छौँ"
राष्ट्र संघ चार्टरको धारा 51 को उल्लेख गर्दै, भारतले अन्तर्राष्ट्रिय कानुन अनुसार आत्मरक्षाको अधिकार प्रयोग गरेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "यो केवल भारतको लागि गरिएको कारबाही मात्र नभएर, यो विश्वका लागि पनि सन्देश थियो जसमा आतंकवादको जवाफ सटीकता, जवाफदेहीता र दृढ संकल्पका साथ दिइनेछ।

**शुभेन्दु अधिकारी फॉर्म-6**

पश्चिम बंगाल विधानसभामा नेता प्रतिपक्ष शुभेन्दु अधिकारीले आज राज्यमा कार्यरत केही रजिस्ट्रेशन अधिकारीहरू (EROs) विरुद्ध कडा अनुशासनात्मक कारबाहीको माग गर्नुभएको छ। यी अधिकारीहरूले उचित जांच बिना फॉर्म-6 मार्फत ठूलो संख्यामा फर्जी मतदाता आवेदनहरू स्वीकार गरेका छन्, जसले गर्दा मतदाता सूचीको शुचिता खतरामा परेको छ।फॉर्म-6 का उपयोग मतदाता सूचीमा नाम जोड्नलाई गरिन्छ। शुभेन्दुअधिकारीले राज्यका मुख्य निर्वाचन अधिकारी (सीईओ) मनोज कुमार अग्रवाल द्वारा जारी एक मेमोलाई उद्धृत गर्दै हालै गरिएको नमुना जाँचमा धैरे रजिस्ट्रेशन अधिकारीहरूले शंकास्पद आवेदनहरू स्वीकृत गरेका घटनाको पत्तो लागेको छ। अधिकारीले सम्पूर्ण घटनालाई "मुख्यमन्त्री ममता बनर्जीको नेतृत्वमा रहेको सरकार भ्रष्टाचारमा लिप्त रहेको आरोप लगाउनु भएको छ।

**सिङला**

एक विशेष अभियानको क्रममा पुलबजार थानाअधिनस्थ सिङला आउटपोस्टले लागु पदार्थसहित एकजनालाई प्रकाउ गरेको छ। जानकारीअनुसार आउटपोस्ट प्रभारी एसआई सुशान्त प्रधानको अगुवाईमा हिजो साझ नियमित नाका चेकिङको क्रममा रमाम पुलमा सिङलाबाट सिक्किमतर्फ पैदल तरिरहेका एक व्यक्तिलाई शंकास्पद रूपमा रोकेपछि उनको तलासी लिइएको थियो। तलासीको क्रममा कालो पोलेथिनभित्र लुकाएर राखेको 20 पुडिया प्रतिबन्धित ब्राउन सुगर तथा 125 खुल्ला प्रतिबन्धित

लागूऔषध क्याप्सुल फेला परेपछि उक्त व्यक्तिलाई प्रकाउ गरेको पुलिसले जनाएको छ। प्रका पर्ने व्यक्ति स्थानीय सिङला बजार निवासी रहेको र उनले उक्त प्रतिबन्धित लागूऔषधलाई सिक्किमको जोरथाङ बेच्न लगिरहेको प्रारम्भिक रिपोर्टमा खुलेको छ। पुलिसले यस मामिलामा आवश्यक छानबिन पुरा गरेपछि कार्वाही शुरु गर्दै आज दार्जीलिङ कोटसमक्ष हाजिर गरिसकेको समेत पुलिसले जनाएको छ।

**नान्टु पाल**

भारतीय जनता पार्टी, सिलगढी सांगठनिक जिल्ला महासचिव नान्टु पालले मतदाता सूची र नागरिकतालाई लिएर भ्रमित नहुने जनतालाई आग्रह गर्नुभयो। सिलगढीमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै श्री पालले भारत सरकार नागरिकहरूको सुरक्षाको निम्ति प्रतिबद्ध रहेको बताउँदै SIR अर्थात् मतदाता सूचीको गहन समीक्षा प्रक्रिया अनुप्रवेशकारीहरूविरुद्ध कार्वाही गरिनका लागि गरिएको बताउनु भयो। यसका साथमा यो कदम भारत सरकारले कसैको नागरिकता खोस्ने छैन, बरु यो कदम अवैध रूपमा बसोबास गर्ने अनुप्रवेशकारीहरूको पहिचान गर्न उठाइएको उहाँले बताउनुभयो भने यसबारे भविष्यमा आम जनतालाई सचेत गराउन सिलगढीमा सचेतना शिविर र क्याम्पहरू आयोजना गरिइने पनि बताउनु भयो।

**अनित-थापा**

खरसाङ महाविद्यालयले 17 अगस्टको दिन स्थापना दिवस पालन गर्ब्ने भएको छ । यसैलाई समारोहलाई लक्षित गर्दै प्राचार्य महाविद्यालयको डा. समीर बालको, नेतृत्वमा एक प्रतिनिधि टोलीले जीटीएका प्रमुख कार्यपाल अनित थापालाई भेटघाट गरी स्थापना दिवस समारोहमा मुख्य अतिथिको रूपमा निम्ताएको छ । यसैबीच अनित थापाले शिक्षाको क्षेत्रमा खरसाङ महाविद्यालयले महकुमामा ठुलो योगदान दिएको बताउनु भएको छ।

**नगरकट्टा**

डुवर्सको नगरकट्टा ब्लकस्थित धरणीपुर कालीखोला पाइपलाइन क्षेत्रमा जंगली हात्तीले सातवटा घर ध्वस्त बनाइदिएको छ भने हात्तीको आक्रमणमा दुई नानीहरू भाग्यले बाँचेका छन्। उक्त घटनाले क्षेत्रमा आतङ्कको माहोल छाएको छ। घटनाअनुसार हिजो राति डायना जंगलबाट निस्केको तीनवटा हात्तीको समूहले चियाबगान क्षेत्रमा पसेर सातजनाको घर भत्काइदिएको छ। स्थानीय र वन विभाग सूत्रअनुसार धरणीपुर चियाबगानको पाइपलाईनस्थित सोमा मुन्डाको घरमा हात्तीले सर्वप्रथम आक्रमण गरेको थियो। त्यतिबेला घरमा सोमाकी 13 वर्षीया छोरी र 11 वर्षीय छोरा सुतिरहेका थिए। घटनाको खबर पाएपछि डायना रेन्जका वनकर्मी सपन साह आफ्नो टोलीसहित घटनास्थलमा पुगी रातभरी त्यहीं बसेर धेरै घण्टाको प्रयासपछि बिहान 4 बजीतिर हात्तीलाई सफलतापूर्वक डायना जंगलमा खेदाउन सक्षम भए। पीडित गाउँलेहरूले प्रशासनसँग हात्तीको आक्रमण रोक्न स्थायी समाधान र क्षतिपूर्तिको माग गरेका छन्।

**AIWC**

अखिल भारतीय महिला सम्मेलन AIWC दार्जीलिङ शाखाको आयोजनामा सञ्चालित तीन दिवसीय जीवन सीप निर्माण सम्बन्धी प्रशिक्षण कार्यक्रमको दोस्रो दिन आज सफलतापूर्वक सम्पन्न भयो। AIWC का सदस्यद्वारा उपस्थित विद्यार्थीहरुलाई कार्यक्रमको महत्त्व बारे जानकारी गराए पछि शुरु गरिएको प्रशिक्षण सत्रमा जिल्ला कानूनी सेवा प्राधिकरण DLSA की प्यारालिगल भोलिन्टियरले उपस्थित विद्यार्थीहरूलाई पोक्सो ऐन, बाल विवाह र पारिवारिक समस्याहरू सम्बन्धी विस्तृत जानकारी दिइन्। त्यसरीनै दार्जीलिङ पुलिसको साइबर सेल बाट साइबर विशेषज्ञले सामाजिक सञ्जालको सदुपयोग अनि दुरुपयोग , फेसबुक र इन्टरनेटको प्रयोग सम्बन्धि , आर्टिफिसियल इन्टेलिजेन्स AI को सही प्रयोग, साइबर अपराध तथा युपिआई र मोबाइल फोनको सदुपयोग जस्ता विषयमा रोचक तरिकाले सबिस्तार उपस्तिथित विद्यार्थीहरुलाई जानकारी गराएका थिए।

**बर्षाले पहिरो**

उत्तर बंगालमा केही दिनदेखि लगातार वर्षा भईरहेको छ। पहाडका साथै मैदानमा पनि भारी वर्षा भइरहेको छ। यसका कारण सिक्किम जाने राष्ट्रिय राजमार्ग-१० मा धेरै ठाउँमा पहिरो गएको छ भने सिलगुडी-सिक्किम सडक सम्पर्क फेरी दिनभर विच्छेद भएको छ। तारखोलामा पहिरोका कारण सडक अवरुद्ध भएको छ यस्तै ममखोला नजिकै 11 माइल र 12 माइलको बीचमा सडकमा पनि पहिरो गएको छ। यसैबीच, भारी वर्षाका कारण टिस्ता नदीको जलस्तर बढेको छ। हिजो टिस्ता नदीको पानी राष्ट्रिय राजमार्ग-१० मा पुगेको थियो। जसका कारण सडकमा  पानी भरिएको थियो। दिउँसो पानी घट्न थाल्यो। त्यसपछि हिलो र माटो हटाएर यातायात सामान्य बनाउने प्रयास गरिएको थियो। त्यसपछि राति फेरि पानी पर्यो। बिहान सडकमा पहिरो खसेको छ। यसले सर्वसाधारणको समस्या बढाएको छ।

***********